# शिवपुरी गाउँपालिका

**शेरावगर, नुवाकोट**

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः ४ | मितिः २०८०/०३/०६ |
|---|---|---|

## भाग – २

शिवपुरी गाउँपालिकालाई प्राप्तहुने विशेष, ससर्त एवम् समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कण्टिञ्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## कण्टिञ्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** गाउँपालिकालाई प्राप्तहुने विशेष, ससर्त एवम् समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नु पर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कण्टिञ्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवपुरी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधिको नाम "कण्टिञ्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. उद्देश्य** : कण्टिञ्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कण्टिञ्जेन्सी खर्च वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न ।

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कण्टिञ्जेन्सी वापतको रकम खर्च गर्न

(ग) कण्टिञ्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्चगर्न ।

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

(ङ) कण्टिञ्जेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न आदि

३. कण्टिञ्जेन्सी रकमको व्यवस्था : कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कण्टिञ्जेन्सी तथा मर्मत सम्भारको लागि सुरुमै लागत अनुमान तयार गरिनेछ :

(क) तीनलाख सम्म विनियोजन भएको योजनाको हकमा तीन प्रतिशत ।

(ख) तीन लाख भन्दा बढी बीस लाख सम्म विनियोजन भएको योजनामा दुई दशमलव पाँच प्रतिशत ।

(ग) बीस लाख भन्दा माथि जतिसुकै विनियोजन भएको योजना भएता पनि दुई प्रतिशत ।

(घ) ससर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ ।

४. लागत अनुमानको तयारी : दफा ३ को ख ८ (क) (ख) र (ग) वमोजिम कण्टिञ्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

५. कण्टिञ्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरु : योजना तथा कार्यक्रमहरुको कण्टिञ्जेन्सी कट्टा रकमलाई गाउँ कार्यपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढङ्गले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण मूल्याङ्कन जाँचपास तथा प्रतिवेदन सम्बन्धी खर्च एवम् योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामग्री खरिद ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र ।

(च) लेखापरीक्षण सम्बन्धी खर्च ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/उपभोक्ता समिति गठन अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण काक्रममा भएको यातायात खर्च

(झ) स्थानीय तह वा अन्य निकायहरुका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ञ) योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च ।

(ट) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

(ड) गाउँपालिकाको कामलाई सहज, व्यवस्थित, पारदर्शी तथा मितव्ययी बनाउनका लागि आवश्यक पर्ने विभिन्न परामर्श सेवा खरिद गर्न ।

६. कण्टिञ्जेन्सी रकमको खर्च प्रकृति : योजना तथा कार्यक्रमको कूल कण्टिञ्जेन्सी रकम मध्ये प्रशासनिक ( चालू) अधिकतम ५५ प्रतिशत र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

७. बजेटफ्रिज सम्बन्धी व्यवस्था : आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य तहहरुको ससर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कण्टिञ्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ३ ( तिन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कण्टिञ्जेन्सी रकम सञ्चित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसूची १ बमोजिमको कार्ययोजना तयार गरी खर्च गर्न सकिनेछ ।

(ग) गाउँपालिकाको आफ्नो योजनाको कण्टिञ्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा उपदान कोषमा दाखिला गर्न सकिनेछ ।

८. कण्टिञ्जेन्सी रकम एकीकृत तथा खर्च प्रणाली : गाउँ कार्यपालिकाको वार्षिक स्वीकृत बजेट तथा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, विशेष तथा समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कण्टिञ्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको सुरुमा एकीकृत रुपमा हिसाब गरी सोको खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी पूर्वाधार शाखाबाट अनुसूची १ बमोजिम कण्टिञ्जेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमको कण्टिञ्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

९. थपघट, हेरफेर वा संशोधन : कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

१०. बाधा अड्काउ फुकाउने अधिकार : यस कार्यविधिको कार्यान्वयन का सिलसिलामा कुनै बाधा  अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

११. यसै बमोजिम भए गरेको मानिने : यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कण्टिञ्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

अनूसुचि १

(कार्यविधिको दफा ८ संग सम्बन्धित)

| क.सं | योजनाको नाम | स्वीकृत रकम | कण्टिञ्जेन्सी रकम | खर्च शीर्षक | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**आज्ञाले**

**वसन्त कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**